


# अध्याय -८

# धार्मिक जीवनशैली अपनाउन ज्ञान, बुद्धिको आवश्यकता

यस अध्यायका मुल पदहरू: भजन ११९:१-१६, भजन ९०, यूहन्ना ३:१६, भजन ९५:७-११, भजन १४१ र भजन १२८।

<u>यस अध्यायको मुल सार पद:</u> *"हाम्रो आयु ठीकसँग गन्न हामीलाई सिकाउनुहोस्, र हामी बुद्धिको हृदय प्राप्त गर्न सकौं।" भजन ९०:१२।*

परमेश्वरको अनुग्रहले नै हाम्रो पापको क्षमा हुन्छ भनेर हामीले हेऱ्यौं। अनि चुर्ण हृदय भएको पापीले जब परमेश्वरबाट क्षमा पाउँछ उसको नयाँ हृदय सृजना हुन्छ भनेर पनि सिक्यौं। यो व्यक्त कसरी विश्वासद्वारा जिउँछ भनेर पनि थाहा पायौं।

क्षमा पाएर नयाँ जीवन बिताउनु भनेको के हो भनेर परमेश्वरले बाइबलमा बताउँछ। यो धार्मिक जीवन यापन गर्नु हो र कसरी त्यो यापन गर्ने भनेर बाइबलले नै सिकाउँदछ (भजन ११९:९-१६)। कतिपय इसाईहरूले दश आज्ञाहरू नपढिकनै त्यसलाई पालन गर्दा मुक्ति पाइने होइन भनेर सिकाउँछन् र ती पालन गर्ने मानिसहरू विधिवाद हुन् भनेर आरोप लगाउँछन्। तर कसैले दश आज्ञालाई एक एक गरेर पढ्यो र त्यसलाई पालन गऱ्यो भने त्यो व्यक्ति विधिवाद वा परम्परावादी भएको मनस्थितिमा हुँदैन। ती नियमहरू जीवन यापन गर्ने नीतिहरू हुन् र तिनीहरूले परमेश्वरसँग घनिष्ठ सम्बन्ध राख्न

लगाउँदछ। ती आज्ञाहरूलाई शिरोपर गरेर चल्दा पूर्ण आशिषित जीवन यापन गरिन्छ (भजन ११९:१,२, भजन १२८)।

तर, धार्मिक मानिस परीक्षा वा प्रलोभनहरूमा पर्दैन भन्ने होइन। कहिलेकाहीँ पापको धुर्त स्वभावले गर्दा परमेश्वरका भक्तजनहरू पापमा फस्दछन् (भजन १४१:२-४)। येशूभक्तहरू कतिको विश्वासमा छन् वा विश्वासमा अटल छैन भनेर जाँच्न कहिलेकाहीँ परमेश्वरले नै परीक्षाहरू आउन दिनु हुन्छ वा परीक्षाहरू आउँदा उहाँले रोक्नुहुन्न। ती समयमा तिनीहरू परमेश्वरमाथिको विश्वासमा कतिको अटल छ भनेर स्पष्ट रूपमा प्रकट गर्दछ। यदि परमेश्वरले दिनुभएको नीतिनिर्देशनमा हिंड्यो भने परमेश्वरका जनहरूको विश्वास शुद्ध हुन्छ र तिनीहरूको परमेश्वरमाथिको विश्वास वा आस्था बलियो हुन जान्छ। बाइबलमा सिकाएको ज्ञान र बुद्धिले परमेश्वरसँग गतिशील, धार्मिक, न्यायोचित, उचित र सक्रिय जीवन बिताइन्छ। समय समयमा आउने परीक्षा, प्रलोभन र चुनौतीहरूको सामना गर्न सक्षम बनाउँछ। त्यसकारण, हाम्रा दिनहरू गन्न परमेश्वरसँग गरिने प्रार्थनाको अर्थ उहाँसँग ज्ञान, बुद्धि र आत्मज्ञानको हृदय सृजना गर्ने बिन्ति हो (भजन ९०:१२)। यस खालको प्रार्थनाले परमेश्वरसँग निरन्तर रूपमा बफादारी भएर हिंड्न समर्पित जीवन यापन गर्न अग्रसर गराउँछ।

## १. तपाईंको वचन मेरो हृदयमा लुकाइ राखेको छु

**परमेश्वरका दश आज्ञाहरू झर्को नमानि कसरी पालन गर्ने र तिनीहरूलाई पालन गर्दा के के आशिषहरू पाउन सकिन्छ? हेर्नुहोस्, "१ धन्यका हुन् तिनीहरू, जसको आचरण निर्दोष छ, जो परमप्रभुको व्यवस्थामा चल्दछन्। २ धन्यका हुन् तिनीहरू, जसले उहाँका कानून पालन गर्दछन्, र उहाँलाई सम्पूर्ण हृदयले खोज्दछन्। ३ तिनीहरूले कुनै अधर्म गर्दैनन्, उहाँका मार्गमा तिनीहरू हिंड्दछन्। ४ तपाईंले आदेशहरू यस हेतुले दिनुभयो, कि हामी तिनलाई पूरा-पूरा पालन गरौं। ५ तपाईंका विधिहरू पालन गर्नलाई, मेरो आचरण दृढ़ भइदिए कति असल हुनेथियो! ६ तब तपाईंका सबै आज्ञाहरूमाथि मनन गरेर म शर्ममा पर्नेथिइनँ। ७ जब म तपाईंका धार्मिक नियमहरू सिक्तछु, तब म सोझो मनले तपाईंको प्रशंसा गर्नेछु। ८ म तपाईंका विधिहरू पालन गर्नेछु, मलाई पूर्ण रूपले नत्याग्नुहोस्। ९ जवान मानिसले आफ्नो चालचलन कसरी चोखो राख्न सक्छ? तपाईंका वचनअनुसारको जीवन बिताएर नै हो। १० म आफ्नो सम्पूर्ण**

हृदयले तपाईंलाई खोज्छु, तपाईंका <u>आज्ञाहरूबाट</u> मलाई बहकेर जान नदिनुहोस्। ११ तपाईंको विरुद्धमा पाप नगरूँ भनेर, तपाईंको <u>वचन</u> मैले मेरो हृदयमा सुरक्षित राखेको छु।१२ हे परमप्रभु, तपाईंको प्रशंसा होस्, तपाईंका <u>विधिहरू</u> मलाई सिकाउनुहोस्। १३ मैले मेरा ओठले तपाईंको मुखबाट निस्केका सबै <u>नियमहरूको</u> वर्णन गरेको छु। १४ धेरै धन-सम्पत्तिमा आनन्दित हुने मानिसजस्तै, म तपाईंका <u>कानूनहरू</u> पालन गर्नमा हर्षित हुन्छु। १५ तपाईंका <u>आदेशहरू</u>माथि म मनन गर्छु, र तपाईंका <u>शिक्षामा</u> म ध्यान दिनेछु। १६ म तपाईंका <u>विधिहरूमा</u> आनन्द गर्नेछु, तपाईंका <u>वचनको</u> म उपेक्षा गर्नेछैनँ।...१६१ शासकहरूले अकारण मलाई सताउँछन्, तर मेरो हृदयले तपाईंका <u>वचनको</u> भय मान्दछ। १६२ जसरी लूटको ठूलो धन पाउने व्यक्ति रमाउँछ, म तपाईंको <u>प्रतिज्ञामा</u> हर्षित हुन्छु। १६३ झूटलाई म घृणा गर्छु, र तुच्छ ठान्छु, तर तपाईंको <u>व्यवस्था</u> म प्रेम गर्दछु। १६४ तपाईंका <u>धार्मिक नियमहरूका</u> निम्ति दिनमा सात चोटि म तपाईंको प्रशंसा गर्दछु। १६५ तपाईंको <u>व्यवस्थासँग</u> प्रेम गर्नेहरूलाई ठूलो शान्ति हुन्छ, र तिनीहरूले ठेस खाने कुनै कारण रहँदैन। १६६ हे परमप्रभु, तपाईंका उद्धारको म प्रतीक्षा गर्छु, र तपाईंका <u>आज्ञाहरू</u> पालन गर्दछु। १६७ तपाईंका <u>कानूनहरू</u> पालन गर्दछु, किनभने म तिनलाई अत्यन्तै प्रेम गर्दछु। १६८ म तपाईंका <u>आदेशहरू</u> र <u>कानूनहरू</u> पालन गर्दछु, किनकि मेरा सबै आचरण तपाईंकै सामु प्रष्ट छन्।" भजन ११९:१-१६, ११९:१६१-१६८।

परमेश्वरसँग दिन दिनै हिंड्ने चलनलाई यस संसारमा तिर्थयात्रा गरिरहने हो भनेर बाइबलले बताउँछ। परमेश्वरसँग उहाँको धार्मिकताको बाटोमा विश्वासद्वारा हिंडिन्छ। विश्वासको जीवन परमेश्वरको व्यवस्था, नीतिमा चलेर कायम हुन्छ (भजन ११९:१)। परमेश्वरको चम्किलो अनुहार हेरेर हिंड्नु उहाँसँग हिंड्नु हो (भजन ८९:१५)। यसको अर्थ भिन्नाभिन्नै तवरले हिंड्नु होइन। परमेश्वरको अनुहार हेरेर हिंड्नुको अर्थ उहाँको व्यवस्था वा दश आज्ञाहरूलाई शिरोपर गरेर वा उचालेर हिंड्नु हो। परमेश्वरको कानुन वा व्यवस्थामा हिंड्नुको अर्थ उहाँलाई सम्पूर्ण हृदयले खोज्नु हो (भजन ११९:१,२,१०)।

"निर्दोष वा चोखो बिताएर हिंड्नु" भनेका धार्मिक जीवन व्यतित गर्नु हो (भजन ११९:१)। निर्दोष, शुद्ध वा चोखो जीवन भनेको कुनै खोट नभएको बलि परमेश्वरलाई चढाउनु हो जुन उहाँको निम्ति स्विकार्य हुन्छ (प्रस्थान १२:५)।

त्यसरी नै धार्मिक जीवन बिताउन व्यक्ति जीवित बलि हो (रोमी १२:१)। त्यस व्यक्तिले पापप्रति मोहमा नफसी शुद्ध र निर्दोष जीवन बिताउँछ। परमेश्वरमा समर्पित जीवन सिद्ध वा सन्त जीवन हो। त्यसको अर्थ त्यो व्यक्ति ठिक निर्देशित जीवनमा चलिरहेको छ जसले परमेश्वरलाई प्रशन्न पार्दछ (भजन १०१:२,६; १८:३२)।

परमेश्वरका विधि वा दश आज्ञाहरू पालन गर्नु भनेको विधिवाध वा परम्परावाद वा पुरानो करारबादसँग कुनै सरोकार छैन। त्यसको विपरित परमेश्वरको दश आज्ञा अनुसार चल्यो भने ठिक र गलत, र असल र खराबलाई छुटयाएर चल्नु हो (भजन १११:१०, १ इतिहास २२:१२)। मानिसको सम्पूर्ण व्यक्तित्वलाई असर पारेर चल्नु हो केवल औपचारिक वा बाहिर मात्र ठिक्क परेर चल्नु होइन। निर्दोष वा चोखो जीवन बिताउनु, परमेश्वरका आज्ञाहरू पालन गर्नु, परमेश्वरलाई पूरा हृदयले खोजेर चल्नु भनेको ती तिन तत्त्वहरूलाई अलग नगरि बिताउने मर्यादित मानिसको जीवन हो (भजन ११९:१,२)। तिनीहरूले मानिसको मनस्थितिलाई मजबुत पार्दछ।

यस संसारको निम्ति परमेश्वरको चाहना के हो भनेर उहाँका दश आज्ञाहरूले प्रकट गर्दछ। बुद्धिमानी भएर कसरी जिउने र स्वतन्त्र र शान्तिपूर्वक कसरी जिउने भनेर ती आज्ञाहरूले सिकाउँदछ (भजन ११९:७-११,१३३)। भजनका लेखक परमेश्वरको व्यवस्थामा अत्यन्तै हर्षित हुन्छन् किनकि उनप्रति परमेश्वर बफादार हुनुहुन्छ भनेर त्यस व्यवस्थाले सिकाउँछ (भजन ११९:७७,१७४)। "तपाईंको व्यवस्थासँग प्रेम गर्नेहरूलाई ठूलो शान्ति हुन्छ, र तिनीहरूले ठेस खाने कुनै कारण रहँदैन।" भजन ११९:१६५। ठेस खानु भन्ने चित्रणले मानिस नैतिक पतन हुनु हो भनेर देखाउँछ। भजनका लेखकको पाऊमा बत्ति (भजन ११९:१०५) भएको जस्तै परमेश्वरको वचनले हामीलाई अनेकौं प्रलोभनबाट सुरक्षित राख्दछ (भजन ११९:११०)।

***येशू ख्रीष्टले आफ्नो जीवनमा परमेश्वरको वचनको शक्तिलाई कसरी प्रयोग गर्नुभयो (मत्ती ४:१-११)? परमेश्वरको व्यवस्था वा दश आज्ञाहरूलाई हृदयदेखि पालन गर्दा हामीलाई कस्तो शक्ति मिल्ने रहेछ भनेर येशूकै अनुभवबाट हामीले कसरी सिक्न सक्छौं?***

## २. हाम्रा दिनहरू गन्न सिकाउनुहोस्

यस संसारमा मानिसले जतिसुकै मै हुँ भनेर हुकारेतापनि आखिरमा निचोडमा ऊ के हो त? हेर्नुहोस् देहायका केही भजनहरूः भजन ९० " १ हे परमप्रभु, पुस्तादेखि पुस्तासम्म तपाईं हाम्रो वासस्थान हुनुभएको छ। २ पहाड़हरू उत्पन्न हुनुभन्दा अघि, अथवा तपाईंले पृथ्वी र संसार सृजनुभन्दा अघि, अनादिदेखि अनन्तसम्म तपाईं नै परमेश्‍वर हुनुहुन्छ। ३ तपाईं मानिसलाई धूलोमा फर्काउनुहुन्छ, र भन्नुहुन्छ, "ए मानिसका सन्तान हो, धूलोमा फर्किजाओ।" ४ किनकि तपाईंको दृष्टिमा एक हजार वर्ष हिजो बिताएको एक दिनजस्ता मात्र छन्, अथवा रातको एक पहरजस्तै। ५ तपाईंले मानिसहरूलाई मृत्युको निद्रामा बगाइलानुहुन्छ। तिनीहरू बिहान पलाउने घाँसजस्तै छन्। ६ यद्यपि त्यो बिहान मौलाउँछ, बेलुकी त्यो सुक्छ र ओइलिन्छ। ७ हामी तपाईंको क्रोधमा भस्म भएका छौं, र तपाईंको आक्रोशमा हामी आतङ्कित हुन्छौं। ८ तपाईंले हाम्रा अधर्म आफ्नै सामुन्ने राख्नुभएको छ, हाम्रा गुप्त पापहरू तपाईंका उपस्थितिको प्रकाशमा छन्। ९ हाम्रा सारा दिन तपाईंको क्रोधमा बित्दछन्, सुस्केरामा हामी आफ्ना वर्षहरू बिताउँदछौं। १० हाम्रो आयु त सत्तरी वर्ष मात्र हो, बलले भ्यायो भने, असी पुग्ला। तापनि तिनीहरूको अवधि कष्ट र शोकमा बित्छ, किनकि आयुचाहिँ चाँड़ै बित्छ, र हामी उड़िजान्छौं। ११ तपाईंका क्रोधको शक्ति कसले जान्दछ? किनकि तपाईंको क्रोध तपाईंलाई दिनुपर्ने भय जत्तिकै ठूलो छ। १२ हाम्रो आयु ठीकसँग गन्न हामीलाई सिकाउनुहोस्, हामी बुद्धिको हृदय प्राप्त गर्न सकौं। १३ हे परमप्रभु, नम्र हुनुहोस्, अझै कति बेर लाग्ने हो? आफ्ना दासहरूमाथि दया गर्नुहोस्। १४ बिहान आफ्नो नटल्ने करुणाले हामीलाई तृप्त पार्नुहोस्, र हामी आफ्ना जीवनभरि रमाएर भजन गाउन सकौं। १५ जति दिन तपाईंले हामीलाई कष्ट दिनुभयो, र जति वर्ष दुःख भोग्यौं, त्यत्ति दिन हामीलाई आनन्दित तुल्याउनुहोस्। १६ तपाईंका कार्य तपाईंका सेवकहरूलाई प्रदर्शन गरिऊन्, र तपाईंको वैभव तिनीहरूका छोराछोरीकहाँ प्रकट होस्। १७ हाम्रा परमप्रभु परमेश्‍वरको निगाह हामीमाथि रहोस्, र हाम्रा हातका कामहरू हाम्रा निम्ति दृढ़ पारिऊन्। हो, हाम्रा हातका कामहरू सुदृढ़ पारिदिनुहोस्।", भजन १०२:११ " मेरा दिनहरू बेलुकीको छायासमान छन्, म घाँसजस्तै ओइलिसकेको छु।" र भजन १०३:१४-१६ " १४ किनभने उहाँ जान्नुहुन्छ, हाम्रो सृष्टि कसरी भएको हो, हामी धूलो मात्र हौं भनी उहाँ सम्झनुहुन्छ। १५ मानिसको आयु त घाँसको आयुजत्तिकै छ, मैदानको फूलझैं

**त्यो ढकमक्क फुल्दछ, १६ अनि बतास त्यस फूलमाथि भएर जान्छ, र त्यो विलीन हुन्छ, र त्यसको ठाउँले पनि त्यसको याद गर्दैन।"**

अनन्तको ज्योतिको सामु पतित मानिसको अस्तित्व केवल वाफ मात्र हो। परमेश्वरको सामु एक हजार वर्ष एक रात जस्तै हो जुन तीन वा चार घन्टा मात्र रहन्छ (भजन ९०:४)। परमेश्वरको समयसँग तुलना गर्दा मानिसको जीवन त्यसै उडेर जाने हो (भजन ९०:१०)। सबभन्दा बलियो, बहादुर मानिस तर कमजोर भन्दा पनि कमजोर बिरूवा जस्तै हो (भजन ९०:६; १०३:१५,१६)। तैपनि उसको छोटो जीवन परिश्रम र कष्टले भरिएको हुन्छ (भजन ९०:१०)। परमेश्वरलाई नै नमान्ने नास्तिकहरू पनि यस जीवनको छोटोपनादेखि शोक व्यक्त गर्दछ। अनन्त जीवन छ भनेर तिनीहरूले थाहै पाएतापनि त्यसको वास्ता नगरी तिनीहरू चलिरहेका हुन्छन्। मानिसको स्थिति सृष्टिकर्ता परमेश्वरको स्याहारको सन्दर्भमा भजन ९० लेखिएको हो। उहाँका जनहरूसँग प्रभु पुस्तौं पुस्तासम्म रहनुभएको छ (भजन ९०:१,२)। हिब्रू भाषाको वर्डमा'अन wordma'on को अर्थ रहने स्थान भन्ने बुझाउँछ। परमेश्वरका जनहरूका निम्ति उहाँ शरणस्थान वा आश्रय दिनुहुने प्रभु हुनुहुन्छ (भजन ९१:९)। परमेश्वरले आफ्नो धार्मिक क्रोध समाल्नु हुन्छ र उहाँको अनुग्रह ताजा भइरहन्छ। "तपाईंको क्रोधको शक्ति कसलाई थाहा छ र?" भनेर भजनका लेखकले उद्गार व्यक्त गर्दछन् (भजन ९०:११)। त्यसको अर्थ पापको विरुद्धमा परमेश्वरको पूरा क्रोध कसैले पनि अनुभव गरेको छैन। त्यसकारण, मानिसहरू पश्चात्ताप गर्न समय अझै बाँकि छ र धर्मी जीवन बिताउन ज्ञान र बुद्धि पाउने अझै समय छ।

बाइबलमा ज्ञान र बुद्धि केवल मानिसको बौद्धिक क्षमता मात्र होइन तर परमेश्वरप्रति श्रद्धा देखाउने आत्मज्ञान पनि हो। त्यकारण, हाम्रो दिन गन्न (भजन ९०:१२) हामीलाई उहाँको ज्ञान वा बद्धिको आवश्यकता छ। हाम्रो दिन थाहा पाउनुको अर्थ हाम्रा दिनहरू सिमित छन् भनेर महसुस गर्नु हो। बुद्धि पुर्‍याएर जिउनु भनेको हाम्रो जीवन क्षणिक हो भनेर सजक हुनु हो र अनि हाम्रो जीवनलाई विश्वास र आज्ञाकारीको बाटोमा हिंडाउनु पर्छ। पश्चात्तापी हृदय भएर (भजन ९०:८,१२) परमेश्वरकहाँ आउँदा मात्रै हामी उचित जीवन यापन गर्न बुद्धिज्ञान पाउँछौ। अनि उहाँले हामीलाई उहाँको क्षमाशीलता, करुणा र दयाका बरदानहरू दिनुहुन्छ (भजन ९०:१३,१४)।

हामी मानिस भएर सृष्टि भएको कारणले हामी समस्यामा फसेका होइनौं तर पाप र यसले संसारमा ल्याएको दुर्दसाले गर्दा पापको भुमरीमा छौं। पापको ज्यादति र विध्वंसको प्रभाव हामी सबैमा र जताततै व्यापक भएको पाउँछौं।

तर मानिसको दयनीय स्थितिबाट उकास्न येशूले खेल्नुभएको भूमिकाको निम्ति उहाँलाई धन्यवाद छ (यूहन्ना १:२९, यूहन्ना ३:१४-२१)। नत्र भने हामी यस संसारमा जिउनुको कुनै अर्थ हुँदैन र हाम्रो जीवन आशारहित नै भइरहनेछ।

***हाम्रो जीवन जतिसुकै छिटै अन्त्य भएतापनि येशूमा हामीलाई के प्रतिज्ञा दिइएको छ? हेर्नुहोस् यूहन्ना ३:१६। उहाँबिना हाम्रो जीउनको आशा के छ र?***

## ३. प्रभुले गर्नुहुने परीक्षा

**जब परमेश्वरले हामीलाई जाँच्नुहुन्छ त्यसमा के के समावेश भएको हुन्छ? हेर्नुहोस्, भजन ८१:७,८ "७ दुःखमा पर्दा तिमीहरूले पुकाऱ्यौ, र मैले तिमीहरूलाई छुटाएँ, बज्र पार्ने मेघबाट मैले तिमीहरूलाई उत्तर दिए, मेरीबाका पानीमा तिमीहरूलाई परीक्षा गरें। ८ "हे मेरा प्रजा, सुन र म तिमीहरूलाई चेताउनी दिनेछु– हे इस्राएल, तिमीहरूले मेरा कुरा सुनेका भए त।", भजन ९५:६-११ "६ आओ, दण्डवत् गरौं र निहुरौं, हाम्रा सृष्टिकर्ता परमेश्वरकै सामु घुँडा टेकौं, ७ किनभने उहाँ नै हाम्रा परमेश्वर हुनुहुन्छ, र हामी उहाँको खर्कका प्रजा, र उहाँका हातका भेडाहरू हौं। आज तिमीहरूले उहाँको शब्द सुन्यौ भने, ८ तिमीहरूले मेरीबामा गरेजस्तै आफ्ना हृदय कठोर नपार, जस्तो तिमीहरूले त्यस दिन मरुभूमिमा भएको मस्साहमा गरेका थियौ, ९ जहाँ मैले गरेका काम तिमीहरूका पूर्वजहरूले देखेका भए तापनि तिनीहरूले मलाई जाँच गरे र मेरो परीक्षा गरे। १० चालीस वर्षसम्म त्यस पुस्तासँग म क्रोधित भएँ, र मैले भनें, "यी त्यस्ता मानिस हुन्, जसका हृदय बरालिएर जान्छन्, र तिनीहरूले मेरा मार्ग चिनेका छैनन्।" ११ यसैले मैले आफ्नो क्रोधमा यसरी शपथ खाएँ, "मेरो विश्राममा तिनीहरू कहिल्यै पस्नेछैनन्।" र भवन १०५:१७-२२ "१७ उहाँले योसेफ नाउँ भएका एक जनालाई तिनीहरूका अगि पठाउनुभयो, जो कमारा हुनलाई बेचिएका थिए। १८ तिनको खुट्टामा तिनीहरूले नेल ठोकेर दुःख दिए, र तिनको गलामा फलामको जन्जीर लगाइदिए, १९ जबसम्म तिनको वचन पूरा भएन, तथा परमप्रभुको वचनले तिनलाई सच्चा प्रमाणित गरेन। २० राजाले**

**मानिस पठाएर तिनलाई छुटकारा गरिदिए, जनताका शासकले तिनलाई बन्धनबाट मुक्त गरे। २१ राजाले तिनलाई आफ्नो राजभवनका प्रधान बनाए, र आफ्ना सबै सम्पत्तिका शासक तुल्याए, २२ उनका राजकुमारहरूलाई तिनले चाहेजस्तो सिकाउनलाई, र उनका बुढापाकाहरूलाई ज्ञानका कुरा सिकाउनलाई।"**

इस्राएलीहरू मरुभूमिमा यात्रा गर्ने क्रममा मेरिबाह भन्ने ठाउँमा आइपुगेका थिए। यस ठाउँमा तिनीहरूले परमेश्वरको परीक्षा गरेका थिए। उहाँको विश्वसनियताप्रति तिनीहरूले चुनौती नै दिए। तिनीहरूलाई खानेकुराहरू उपलब्ध गराउन उहाँसँग कचकच गरे (प्रस्थान १७:१-७; भजन ९५:८,९)। उहाँको शक्तिलाई तिनीहरूले प्रश्न गरे। भजन ८१मा त्यही घट्नालाई उल्टो पारेर परमेश्वरले नै तिनीहरूको परीक्षा गर्नुभएको थियो भनेर उल्लेख गरेको रोचक मान्नुपर्दछ (भजन ८१:७)। मानिसहरूले उहाँको आज्ञालाई अबहेलना गर्दा र उहाँमाथिको विश्वास वा भरोसामा कमी भएको देखाउँदा (भजन ८१:११) तिनीहरू परमेश्वरको परीक्षामा असफल भएका थिए। मेरिबाह भनेर सम्बोधन गरिएकोमा दुई सन्देशहरू छन्। पहिलो त, परमेश्वरका जनहरूले विगतका पुस्ताहरूका गल्तीहरूलाई दोहोऱ्याउनु हुँदैन। बरु तिनीहरू उहाँमाथि नै भरोसा राखेर उहाँका मार्गहरूमा हिंड्नुपर्दछ (भजन ८१:१३)। दोस्रो सन्देश, परीक्षमा मानिसहरू असफल भएतापनि तिनीहरूको दुःखमा राहत दिन वा उद्धार गर्न परमेश्वर आउनुभएको थियो (भजन ८१:७)। परमेश्वरको विगतमा उद्धार गर्ने अनुग्रहले नयाँ पुस्तालाई उहाँको अनुग्रह उपलब्ध छ भनेर विश्वस्त गरिएको छ।

युसूफलाई परेको दुःखकष्ट परमेश्वरको वचनमाथि उनको विश्वासको जाँच गरिएको थियो जसले गर्दा उनको भविष्य निर्धारण भएको थियो (उत्पत्ति ३७:५-१०, भजन १०५:१९) भनेर भजन १०५ले खुलासा गरिएको छ। "जाँचिएको" भन्ने शब्द हिब्रू भाषामा ट्सराप Tsarap पद १९मा लेखिएको छ। यसको अर्थ खारिएको, परिष्कृत वा शुद्ध गरिएको हो। यसरी परमेश्वरले युसूफलाई गर्नुभएको परीक्षामा उनमा भएको विश्वासमा केही खोट वा शङ्का हटाउनको निम्ति थियो। परमेश्वरको प्रतिज्ञामा कुनै शङ्का नगरी उहाँमाथि भरोसा राखेर बल दिने त्यो परीक्षाको उद्देश्य थियो। परमेश्वरकै अगुवाइमा चल्न उनलाई तालिम दिइएको थियो।

परमेश्वरले गर्नुहुने ईश्वरीय अनुशासनले परमेश्वरका जनहरूलाई बलियो बनाउँछ र उहाँको प्रतिज्ञालाई पूरा गर्न तिनीहरूलाई तयार पार्दछन्। यो युसूफको उदाहरणबाट देखाइएको थियो (भजन १०५:२०-२२)। तर, परमेश्वरको शिक्षा वा निर्देशनलाई बेवास्ता गर्दा मानिस हठी हुन्छ र उसको हृदय कठोर हुन्छ। "परमेश्वरको व्यवस्था वा नीतिलाई प्रश्न नगरी सिघ्र पालन गर्न उहाँले अपेक्षा गर्नुहुन्छ। तर सैतानको छलमा परेर मानिसहरू सुत्दछन् र दिमाग सिथिल हुन्छ। सैतानले मानिसहरूलाई अनेकौं बहाना र षडयन्त्रहरू रचेर मानिसहरूका चिन्ताहरूलाई जित्दछ। त्यसको ज्वलन्त उदाहरण हव्वालाई बगैंचामा सैतनले सुनाएको कुरा हो। उसले भन्यो, "चिन्ता गर्नुपर्दैन तिमी मर्ने नै छैनौ।" अवज्ञा गर्दा मानिसको हृदय कठोर बनाउँछ। गल्ती गर्नेको चेतनालाई नै सिथिल पारिदिन्छ। त्यतिमात्र नभएर अरूहरूका विश्वासलाई पनि भ्रष्ट पारिदिन्छ। सुरुमा ठानिएको खराब वा गलतलाई दिमागमा राख्दा तिनीहरूको अगाडि त्यो खराब वा गलत मनस्थिति कमजोर हुन जान्छ। त्यसलाई निरन्तर रूपमा सोचिरहँदा त्यो पाप वा खराब हो कि होइन भनेर मनमा प्रश्न उठिरहन्छ। त्यसको फलस्वरुप विवेकलाई नै भ्रष्ट पारेर पापलाई पाप भनेर हेर्न नसकिने बनाउँछ र मानिस सजिलैसँग गलत काममा फस्दछ।"-एलेन जी. ह्वाइट, *टेस्टिमोनिज फर द चर्च,* ठेली ४, पृ. १४६।

***पापले मानिसको हृदय कसरी कठोर पार्छ भन्ने तपाईंकै अनुभव के छ? त्यस सोचले हामीलाई क्रूसतिर किन डोऱ्याउनु पर्दछ? परमेश्वरको आज्ञालाई पालन गर्न चाहिने बल वा शक्ति कहाँबाट उपलब्ध हुन्छ?***

## ४. दुष्ट मार्गमा चल्दा मानिसलाई छलकपट, दुष्ट र बेइमान हुन अग्रसर गराउँछ

**भजनका लेखकले केको निम्ति प्रार्थना गर्दछन्? हेर्नुहोस्, भजन १४१ "१ हे परमप्रभु, म तपाईंलाई पुकार्दछु, तपाईं चाँडै आउनुहोस्। मैले तपाईंलाई पुकार गर्दा मेरो आवाज सुनिदिनुहोस्। २ मेरो प्रार्थना तपाईंको सामुन्ने सुगन्धित धूपजस्तै होस्, र मैले आफ्ना हात उचाल्दा, त्यो बेलुकीको बलिजस्तै ठहरिओस्। ३ हे परमप्रभु, मेरो मुखमा एउटा पाले राखिदिनुहोस्, मेरा ओठको ढोकाको रखवाली गरिदिनुहोस्। ४ दुष्ट काम गर्ने मानिसहरूसित दुष्कर्ममा सहभागी हुन मेरो हृदय खराब कुरातिर नबरालिओस्, र मलाई तिनीहरूको स्वादिष्ठ भोजन खानु नपरोस्। ५ धर्मी मानिसले मलाई हिर्काऊन्, त्यो त मेरो निम्ति दया हुनेछ। तिनले मलाई हप्काऊन्, त्यो मेरो शिरको निम्ति तेल हुनेछ। मेरो**

**शिरले त्यो इन्कार गर्नेछैन। तापनि मेरो प्रार्थना सधैँ कुकर्मीहरूका विरुद्ध हुन्छ। ६ तिनीहरूका शासकहरू पहाड़का भीरबाट तल खसालिनेछन्, र दुष्टहरूले मैले बोलेको वचन सत्य हो भन्ने बुझ्नेछन्। ७ तिनीहरूले भन्नेछन्, "जसरी हलो जोत्नेले भूमि जोतेर फुटाउँदछ, त्यसरी नै हाम्रा हड्डीहरू चिहानको मुखमा छरिएका छन्।" ८ हे परमप्रभु परमेश्वर, मेरा आँखा तपाईंतिरै रहन्छन्, तपाईंमा म शरण लिन्छु, मलाई मृत्युको मुखमा नफालिदिनुहोस्। ९ तिनीहरूले मेरो निम्ति थापेका धरापबाट, दुष्ट काम गर्नेहरूले थापेका पासोहरूबाट मलाई बचाउनुहोस्। १० दुष्टहरू तिनीहरूका आफ्ना जालमा फसून्, जब मचाहिँ सुरक्षित निस्किआउँछु।"**

भित्री र बाहिरबाट आउने परीक्षा वा दुष्ट चालबाट सुरक्षित राख्न प्रार्थना भजन १४१को लक्ष्य हो। भजनका लेखक दुष्टहरूको चालबाजीमा मात्र खतराको अनुभव गरेका होइनन् (भजन १४१:९,१०) तर तिनीहरूजस्तै हुने प्रलोभनमा फस्न नदिन उनले प्रार्थना गर्दछन्। उनको आफ्नो पहिलो कमजोरी त बोल्ने कुरामा आत्मनियन्त्रण नभएको हो, त्यसकारण, उनका ओठहरूका ढोकामा परमेश्वरले नै सुरक्षा गार्ड राखिदिनुहोस् भनेर उनले प्रार्थना गर्दछन् (भजन १४१:३)। यो चित्रणले बाइबलको समयमा सहरलाई सुरक्षा गर्न सहरका ढोकाहरूमा सुरक्षा गार्ड राख्न चलनलाई देखाउँदछ।

दुष्टहरूका मिठामिठा कुराहरूमा परेर (भजन १४१:४,५) धर्मी मानिसहरूको अर्ति र सल्लाहलाई लत्याउने मनस्थितिबाट जोगाउन परमेश्वरको जनले प्रार्थना गर्दछ। असल मानिस र खराब मानिसको कुरालाई छुट्याउने सामर्थ नहुँदा भजनका लेखका हृदयमा द्वन्द्व चलिरहेको थियो। निरन्तर प्रार्थना र परमेश्वरमाथि पूरा भरोसा राख्दा मात्रै परमेश्वरका जनलाई फसाउने चालबाजीबाट सुरक्षित हुन सक्छ (भजन १४१:१,२)।

**प्रलोभन, चालबाजीको धुर्त र प्रगतिशील स्वभाव यी भजनहरूमा कसरी चिणण गरिएको छ? हेर्नुहोस्, भजन १:१ "धन्य हो त्यो मानिस, जो दुष्टहरूको सल्लाहमा हिँड्दैन, जो पापीहरूको मार्गमा खड़ा हुँदैन, अनि गिल्ला गर्नेहरूको सङ्गतमा बस्दैन।" र भजन १४१:४ "मेरो जिब्रोमा कुनै कुरा आउन अघि नै, हे परमप्रभु, तपाईंले त्यो सम्पूर्ण रूपले जान्नुहुन्छ।"**

भजन १४१:४मा प्रलोभन वा छलकपटमा फसाउने प्रगतिशील स्वभावको चित्रण गर्दछ। पहिलो त, मानिसको हृदय स्वभावैले खराब काम गर्न झुकेको हुन्छ। दोस्रो, खराब काम गरिरहने बानी स्वभावबाट बच्न पनि

प्रार्थना गर्दछ किनकि त्यसले गर्दा नराम्रो कामबाट सुरक्षित भएर बस्न सक्दैन। तेस्रो, दुष्टहरूका मिठा मिठा कुराहरूले मानिसको मनलाई फसाउँछ। त्यसको अर्थ तिनीहरूको कामलाई असलै भनेर स्विकारिन जान्छ।

भजन १:१ मा परमेश्वरको जनलाई परमेश्वरको मार्गमा नहिँड्न अनेकौं प्रलोभन र लालचहरू आउँछन्। त्यसले गर्दा दुष्ट र अधर्मी पापीहरूको मार्गमा उसलाई हिँडाउँछन्। अनि तिनीहरूसँगै बसेर परमेश्वरका जनहरूलाई हेप्ने र गिल्ला गर्ने वातावरणमा उक्त जन रुचाउन थाल्छ। पापी, अधर्मी, दुष्ट र गिल्ला गर्नेहरूः हामी तिनीहरू जस्तै हुनुहुन्न वा हामीलाई परमेश्वरको मार्गमा नहिँडाउन तिनीहरूलाई अवसर दिनु हुन्न।

प्रगतिशील, आकर्षित, धुर्त, प्रलोभन र लालचमा फसाउने स्वभावलाई भजनहरूले चित्रण गर्दछ। परमेश्वरमा मात्रै पूरा भरोसा भएर चल्दा मात्र हामी येशूभक्तको विजयी जीवन बिताउन सक्दछौं। मानिसले के बोल्छ त्यसको महत्त्वलाई भजनहरूले जोड गर्दछ। हामीलाई फसाउने मिठा मिठा आवाजहरूमा नफस्न र नसुन्न भजनका लेखकहरूले बताउँछन्। दुष्ट र धर्मी मानिसहरूको अन्त्य हुने कुरामा मध्ये नजर राखेर जिउन परमेश्वरसँग ज्ञान र बुद्धि खोज्नु पर्दछ (भजन १:४-६, भजन १४१:८-१०)। तर परमेश्वरका जनहरूलाई निर्दोष साबित गर्ने अन्तिम फैसला भविष्यमा नै निहित गरिएको छ। त्यसको अर्थ परमेश्वरका विश्वासी जनहरू उहाँमा नै विश्वास र भरोसा राखेर उहाँकै धैर्यतासाथ प्रतिक्षा गरिरहनुपर्छ भनेर प्रतिवद्धतामा रहिरहनु जरुरी छ।

## ५. न्यायोचित, उचित, असल र धर्मपरायण जीवन बिताउँदा पाउने आशिषहरू

**परमेश्वरको उपासना गर्ने, उहाँप्रति श्रद्धा राख्ने र उहाँको महिमा गर्ने भक्तजनहरूलाई के आशिषहरू उपभोग गर्न सकिन्छ भन्ने प्रतिज्ञा देहायका भजनहरूले कसरी खुलाउँछन्? हेर्नुहोस्, भजन १:१-३ "१ धन्य हो त्यो मानिस, जो दुष्टहरूको सल्लाहमा हिँड्दैन, जो पापीहरूको मार्गमा खड़ा हुँदैन, अनि गिल्ला गर्नेहरूको सङ्गतमा बस्दैन। २ तर परमप्रभुको व्यवस्थामा नै त्यो खुशी रहन्छ, र त्यसले दिनरात उहाँकै व्यवस्थामा मनन गर्छ। ३ त्यो खोलाको किनारमा रोपेको बोटजस्तै हुन्छ, जसले आफ्नो ऋतुमा फल दिन्छ, अनि जसको पात कहिल्यै ओइलाउँदैन। त्यसले जे पनि गर्छ, त्यसमा त्यो सफल हुन्छ।", भजन ११२:१-९ "१ परमप्रभुको प्रशंसा गर। त्यो मानिस धन्यको हो, जसले**

**परमप्रभुको भय मान्दछ, र उहाँका आज्ञाहरूमा ज्यादै प्रसन्न हुन्छ। २ त्यसको वंश देशमा शक्तिशाली हुनेछ, सोझा मानिसहरूको पुस्ताले आशिष् पाउनेछ। ३ त्यसको घरमा धन-सम्पत्ति रहन्छ, र त्यसको धार्मिकता सदा रहिरहन्छ। ४ सोझा मानिसहरूका निम्ति, र साथै अनुग्रही, करुणामय र धर्मी मानिसहरूका निम्ति अन्धकारमा पनि ज्योति उदय हुन्छ। ५ उदार-चित्तले ऋण दिने, र ईमानदारीसाथ आफ्नो कारोबार चलाउने मान्छेको भलो हुन्छ। ६ धर्मी जन कहिले पनि डगमगाउँदैन, त्यसको सम्झना सदासर्वदा रहनेछ। ७ अशुभ समाचारले त्यो कहिले पनि डराउँदैन, परमप्रभुमा भरोसा गरेर त्यसको हृदय स्थिर रहन्छ। ८ त्यसको हृदय सुरक्षित रहन्छ, र त्यो डराउनेछैन। अन्त्यमा त्यसले आफ्ना शत्रुहरूलाई विजयमा हेर्नेछ। ९ त्यसले उदारतासाथ दरिद्रहरूलाई दान दिएको छ, त्यसको धार्मिकता सधैंभरि दिगो रहन्छ, सम्मानपूर्वक त्यसको शिर उच्च राखिनेछ।" र भजन १२८ "१ परमप्रभुको भय मान्नेहरू सबै धन्यका हुन्, जो उहाँका इच्छाअनुसारका चालहरूमा चल्छन्। २ तिमीले आफ्नो परिश्रमको फल खानेछौ, आशिष् र सब किसिमका फलिफाप तिमीले पाउनेछौ। ३ तिम्री पत्नी तिम्रो घरभित्र फलवन्त दाखको लताजस्तै, अनि तिम्रा छोरा-छोरीहरू तिम्रो टेबिलको वरिपरि जैतूनका मुनाहरूजस्तै हुनेछन्। ४ यसरी परमेश्वरको भय मान्ने मानिस आशिषित हुनेछ। ५ परमप्रभुले तिम्रो जीवनभर सियोनबाट तिमीलाई आशीर्वाद देऊन्। तिमीले यरूशलेमको समृद्धि देख्न पाओस्, ६ र तिमीले तिम्रा नाति-पनातिलाई देख्न पाऊ। इस्राएलमा शान्ति आओस्।"**

परमेश्वरको भय मान्ने, उहालाई श्रद्धा राख्ने र उहाँका वचन अनुसार हिँड्नेहरूलाई धेरै आशिषहरू पाउने प्रतिज्ञा गरिएको छ। तिनीहरूमा शान्ति सबभन्दा ठूलो हो। धर्मी मानिस नदीको किनारामा रोपिएका रूखहरू जस्ता हुन् भनेर भजन १ले चित्रण गरिएको छ। तिनीहरूले फलहरू आफ्ना ऋतुहरूमा दिन्छन् र त्यसको पाट ओइलाउँदैन (भजन १:३; यर्मिया १७:७,८; इजकिएल ४७:१२)। यी तुलनाले सबै आशिषका स्रोतहरूको पहिचान गर्दछ। परमेश्वरको पवित्र मन्दिरमा रहेर उहाँसँग निरन्तर रूपमा प्रेमिलो सम्बन्धमा रहिरह्यो भने उहाँले दिनुहुने आशिषको दावी गर्न सक्छौं। दुष्टहरू भुस जस्ता हुन्, तिनीहरूको स्थायीत्व हुँदैन, तिनीहरूको बलियो स्थान हुँदैन न त भविष्य। तर धर्मीहरू जरा भएका फलदायी रूख जस्तै हो। परमेश्वरको नजिक रहन्छ तिनीहरू अनन्त जीवनको अनुभव अहिलेदेखि नै अनुभव गर्न सक्छन्।

भजन १२८:२,३मा मसीहको राज्यमा हुने आशिषहरू उल्लेख गरिएको छ। आफ्नै अञ्जिरको रूखमुनि बस्न पाउनु भनेको शान्ति र सम्मुन्नतिमा रहनु हो (मीका ४:४)। यरुशलेममा हुने शान्तिले (भजन १२२:६-८; भजन १२८:५,६) मसीहले सबै दुष्ट र खराबहरूलाई अन्त्य गर्ने आशा देखाउँछ र उहाँले नै यस पृथ्वीमा शान्तिको पुनर्स्थापित गर्नुहुन्छ। "मुक्ति पाउनेहरूको सम्पत्ति भनेको तिनीहरूले पाउने देश हो (हिब्रू ११:१४-१६)। त्यहाँ स्वर्गका गोठालाले आफ्ना बगाललाई जीवित पानीका मुहानहरूमा डोऱ्याउनुहुन्छ। जीवनको रूखले आफ्नो फल प्रत्येक महिना फलाउँछ र त्यसका पातहरू राष्ट्रहरूको सेवाको निम्ति प्रयोग गरिन्छ। त्यहाँ निरन्तर बगिरहने स्पटिकको जस्तो सङ्लो नदीहरू हुन्छ। तिनीहरूमा भएका रूखहरू फरफराउँछ र मुक्तिधनद्वारा उद्धार गरिएका जनहरूका मार्गहरूमा तिनीहरूले छायाँ दिन तयार गरिरहेका हुन्छन्। त्यहाँ विशाल उपत्यकाहरू फैलिएका छन् जुन सुन्दर डाँडाहरूले तिनीहरूलाई रमणीय बनाउँछन् र त्यहाँ परमेश्वरका पहाडहरू छन् र तिनीहरूका उच्चाइहरू भव्य छन्। त्यहाँका शान्तिमय फाँटहरू जीवित खोलाहरू हुन्छन् जहाँ यस पृथ्वीमा तिर्थयात्री, भौंतारिरहेका र परदेशी भएका परमेश्वरका जनहरूले आफ्नो घर पाउनेछन्।"-एलेन जी. ह्वाइट, *द ग्रेट कन्त्रोभर्सी,* पृ. ६७५।

नयाँ करारले ख्रीष्टको आगमनमा हामीमा भएको आशा पूरा हुनेछ भनेर वर्णन गरिएको छ। उहाँको आगमनमा नै नयाँ पृथ्वीको सृजना हुनेछ (मत्ती २६:२९, प्रकाश २१)। त्यसकारण, धर्मीहरूले यस जीवनमा धेरै आशिषहरू पाएतापनि तिनीहरूको पूर्णता युगको अन्तमा हुने परमेश्वरको राज्यमा हुनेछ। परमेश्वरका जनहरूको निम्ति उहाँको निगाहा आउने संसारमा पर्खिरहेको छ।

***परमेश्वरले हाम्रो निम्ति के सुरक्षित राख्नुभएको छ त्यसको ग्यारेन्टी क्रूसमा जे भयो त्यसले किन देखाउँदछ? नयाँ करारमा उल्लेख गरिएका प्रतिज्ञाहरूले अहिले नै हामीले कसरी सान्त्वना पाउन सक्छौं?***

**उपसंहार:**

**थप जानकारी:** आजको युगमा बुद्धिज्ञान कसरी पाउने भन्दा कसरी सुखी र खुशी हुने तरखरमा मानिसहरू लागिरहेकाछन्। मानिसहरू बुद्धिमानी हुनुभन्दा खुशी भएको मन पराउँछन् । तर ईश्वरीय विद्या वा बुद्धिज्ञानबिना के हामी साँच्चिक्कै खुशी हुन सक्छौँ त? भजनसँङ्ग्रहले स्पष्ट रूपमा बताउँदछ कि परमेश्वरबिना हामी खुशी र सुखी हुन सक्दैनौँ। खुशी हुने कि बुद्धि पाउने भनेर रोज्न हामीलाई बाइबलमा भनेको छैन । तर परमेश्वरबाट पाउने ज्ञानबुद्धिले हामी सक्कली खुशी र सुखी हुन सक्दछौँ।

हिब्रू भाषाको सरल भाषाले माथिको विषयलाई चित्रण गर्न सक्छ। हिब्रू भाषामा "कदम" भन्ने शब्द बहुवचन आश्रुरे ashrurey हो यो "खुशी" आश्रे ashrey जस्तै उच्चारण गरिन्छ। यथार्थमा कदमहरू हुन् कदममात्र होइन। खुशी वा सुखी जीवन बिताउन परमेश्वरले पहिल्याउनुभएको कदमहरूमा हिँड्नुपर्दछ (भजन १:१,१७:५, ३७:३१, ४४:१८, ८९:१५ र भजन ११९:१) । बाइबलमा ज्ञानबुद्धि र सुखी जीवन वा खुशी जीवन अवधारणा नभएर वास्तविक अनुभव हो ।

परमेश्वरसँग सम्बन्ध राखेर हिँड्दा मानिस सचमुच रूपमा सुखी र खुशी हुन सक्छ । परमेश्वरप्रति श्रद्धा राख्दै, उहाँको स्तुति प्रशंसा गर्दै, उहाँमा बल पाउँदै र उहाँमा भरोसा राख्दै हिँड्नुपर्दछि । भजन २५:१२-१५मा यो लेखिएको छ, "12 परमप्रभुको डर मान्ने मानिस को छ? त्यो हिँड्नुपर्ने बाटो, परमप्रभुले त्यसलाई सिकाउनुहुनेछ । १३ त्यसले सुख-चैनमा आफ्नो दिन बिताउनेछ, र त्यसका सन्तानले देशमा अधिकार जमाउनेछन् । १४ परमप्रभुको भय मान्नेहरूसँग उहाँको घनिष्ठता हुन्छ, र उहाँले तिनीहरूलाई आफ्नो करार बताइदिनुहुन्छ । १५ मेरा आँखा सधैँ परमप्रभुतिर नै छन्, किनकि उहाँले मात्र मेरा खुट्टाहरू पासोबाट छुटाइदिनुहुनेछ ।"

"हाम्रो सामु उज्याला चित्रणहरू प्रस्तुत गरिएकोमा परमेश्वरलाई धन्यवाद छ । उहाँले दिनुभएको उहाँका आशिषमय आशा र आश्वासनहरूलाई एकै ठाउँमा जम्मा गरौँ ताकि हामीले तिनीहरूलाई निरन्तर रूपमा हेरिरहन सकौँ: परमेश्वरको पुत्र उहाँका पिताको सिंहासन छोडेर, दैविकतालाई मानवताको वस्त्र धारण गर्नुभयो ताकि उहाँले मानव जातिलाई सैतानको पासोबाट उम्काउ सकून् । हाम्रो निम्ति उहाँले पाउनुभएको विजयले मानिसहरूका निम्ति स्वर्ग खोलिएको छ। त्यहाँ त्यो बैठक खुला गरिएको छ जहाँ परमेश्वरले आफ्नो ढाकिएको महिमालाई उघार्नुभएको छ जुन मानिसलाई प्रकट गरिएको छ । पापले गर्दा ल्याएको सत्यानाश, भ्रष्ट र दुर्दशाको खाल्दोबाट मानिसलाई येशूले उचाल्नुभएर अनन्त परमेश्वरसँग फेरि सम्बन्ध गाँस्नुभएको छ । ईश्वरीय परीक्षालाई सहनुभएकोले उहाँ विश्वासद्वारा हाम्रो मुक्तिदाता हुनुभएको छ । ख्रीष्टले धार्मिकताको वस्त्र पहिरनुभएको छ । उहाँ आफ्नो सिंहासनमा उच्च पारिनुभएको छ । ती चित्रणहरूमा हामी ध्यान गरौँ भनेर परमेश्वरको चाहना हामीमाथि छ ।"- एलेन जी० ह्वाइट, *स्टेप्स टु क्राइस्ट*, पृ० ११८ ।

**चिन्तनमननः**

अ. परमेश्वरको वचन केवल निर्देशन वा शिक्षामात्र नभएर हाम्रो आनन्तको स्रोत कसरी हुन सक्छ? परमेश्वरको वचनलाई अध्ययन गरेर त्यसलाई चपाएर र पचाएर रहनुको अर्थ येशू ख्रीष्टमा गाँसिनु भनेको कसरी हुन सक्छ (यूहन्ना १:१, यूहन्ना १५:५)?

आ. परमेश्वरको शिक्षा र आवाजलाई निरन्तर रूपमा विवेकले अस्वीकार गरिरह्यो भने मानिसलाई के हुन्छ (भजन ८१, भजन ९५)? त्यसको बेजोग किन हुन्छ होला?

इ. कतिपय समयमा अधर्मी, पापी र दुष्टहरूको बाटो मन पर्ने जस्तो किन हुन्छ र धर्मीको सरसल्लाहलाई वास्ता नगर्नुपर्ने जस्तो किन देखिन्छ (भजन १४१)? अर्थात दुष्ट, नास्तिक र अधर्मीहरू धर्मीहरूभन्दा फलिफाप भए र खुशी भएको हामी किन देख्छौं?

# कथा ८
# येशूले छुनुहुँदा
## रूपमाया (नेपाल)



रूपमायाको जीवन धेरै खराब थियो। झन झन खराब नहोस् भनेर चाहना गर्दा पनि झन झन खराब भएको थियो। उनी तल्लोस्तरको अछुत जातमा जन्मेकी थिइन्। उनको अछुत जातले गर्दा उनी जीवनभर अशुद्ध भएर जिउनु परेको थियो र मर्नेबेलामा पनि अशुद्धै भएर मर्नुपर्ने उनको त्रास थियो। उनले जन्माएका छोराछोरीहरू पनि अशुद्ध नै हुन्थे। उनको अछुत र पिडित जातको दागलाई केहीले पनि पखाल्न सक्दैनथ्यो। आफू कुनै मानव प्राणीभन्दा गएगुज्रेको महसुस गरेकी थिइन्। उनी १४ वर्षकै उमेरमा विवाह गरेकी थिइन्। नेपालमा कानुनले बन्देज लगाएतापनि बालबिवाहको चलन सामान्य नै मानिन्छ।

विवाह भएतापनि उनको जीवनको सुधार भएको थिएन। रूपमायाको श्रीमानको कुनै जग्गाजमिन थिएन। बाँच्नको निम्ति ती दुवैले अरूहरूको खेतबारीमा काम गर्नुपर्थ्यो। रूपमायाले सात छोराछोरीहरूलाई जन्माइन्। तिनीहरूको दयनिय अवस्थाले गर्दा तिनीहरूलाई राम्रोसँग उनले खान लाउन दिन सकेको थिएन। त्यसकारण, जब तिनीहरू हुर्कन थाले अरू र आफन्तहरूका घरमा बालश्रमको निम्ति पठाउन वाध्य भएको थियो।

एक दिन उनको दुई वर्षको छोरो उच्च ज्वरले मर्‍यो। त्यसपछि उनका दुई छोराहरू हराए। उनले अर्कै सहरमा रहेको तिनीहरूको दीदिको घरमा तिनीहरूलाई पठाएको थियो। होटेलमा काम गरिरहेकी दीदिले घरमा पठाउन केही पैसा जम्मा गरेको भन्ने खबर पठाएको थियो। ११ र १३ वर्षका छोराहरूलाई तिनीहरूको दीदिको घरमा गएर पैसा ल्याउन अर्‍हाएकी थिइन्। दीदिबाट पैसा लिएर आएर बस चढेपछि तिनीहरू घरमा कहिल्यै पनि फर्केनन्। कसैले एउटा बसको दुर्घटना भएको सुनायो। ती दाजुभाइ ती बसमा हुन सक्छ भनेर उनले अनुमान गरिन्। छोराहरूको लास उनले भेट्टाउन सकिनन्।

फेरि घरमा फेरि आपत आयो। रूपमायाको श्रीमान बिरामी थिए। परिवारसँग पैसा नहुँदा डाक्टरकहाँ जान सकेन र उनको मृत्यु नै भयो।

नेपालमा अछुत जाति र विपिन्न वर्ग हुनु त कठिन नै थियो तर जब अछुत जातमा विधवी हुनुपर्ने झन खराब थियो। अरू अछुतहरूले पनि उनलाई हेप्दथे। एक वर्षसम्म रूपमाया शोकमै डुबीरहिन्। उनले काम गर्न पनि छोडिन् त्यसले गर्दा उनले खान पनि पाइनन्। उनी खाना खान पनि चाहिनन्। तर उनी आफ्नो श्रीमान र गुमाएका तीन छोराहरूको चिन्तामा डुबिन्। उनको जीवन बरबाद भएको थियो र बेकारमा जन्मेको रहेछु भनेर सोच्न थालिन् र आत्महत्या गर्ने सोचमा परिन्।

"मेरी आमाले मलाई किन जन्माइन्। ती सबै दुर्भाग्यहरू माथि किन पऱ्यो?" भनेर निराशको भूमरीमा उनी परिरहेकी थिइन्। अनि एक दिन एक जना अपरिचित मानिस उनको घरमा आए। तिर्थ सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा स्वयंसेवकको रूपमा काम गर्दैथिइन्। उनले रूपमायाको बारेमा छिमेकीबाट सुनेकी थिइन्। उनले खाना र औषधी रूपमायालाई ल्याइ दिए र उनको निम्ति प्रार्थना गर्न थालिन्।

"मेरो चर्चमा तपाईं आउनुहोस्। तपाईंको निम्ति हामी प्रार्थना गर्नेछौं," तिर्थले भनिन्। तिर्थले रूपमायाकहाँ बराबर भेट्न जान थालिन्। उनले खाना, औषधी र प्रार्थना मन पराइन्। धेरै वर्षपछि उनको हृदयमा आशा पल्हाउन थाल्यो। उनी एडभेन्टिस्ट चर्चमा जान थालिन्।

आठ वर्षपछि रूपमाया एडभेन्टिस्ट चर्चको विश्वासी भएकी छिन्। अहिले उनी ६५ वर्षकी छिन् र उनी उनको एउटा छोरी र बुहारीसँग रहन्छिन्। उनको प्रभावबाट उनकी बुहारी पनि चर्चमा सम्मिलित भइन्।

आफूले सबै थोक गुमाएतापनि येशूले गर्दा आफू खुशी भएको रूपमायाले सुनाइन्। उनी अछुत भनेर कतिले उनलाई हेप्ला तर उनी खुशी छिन् किनभने उनको हृदयलाई येशूले छुनुभएको छ।

"मेरा श्रीमान र एउटा छोरोको मृत्यु भयो र दुई छोराहरू बेपत्ता भए। तीस वर्ष भयो तिनीहरूको बारेमा अत्तोपत्तो छैन। मैले सबै थोक गुमाएँ। तर मेरो जीवनमा येशू हुनुहुन्छ। जब येशू आउनुहुन्छ एकदिन मेरा प्रियहरूलाई भेट्नेछु भन्ने मेरो ठूलो आशा छ," आशाले भरेर रूपमायाले यो कथा सुनाइन्।